मिति २०८०/०६/२७ मा सम्पन्न २२ औं वार्षिक साधारण सभाबाट
संसोधित

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा. वडा नं ७, थानकोट महादेवस्थान, काठमाडौं
को

# निर्वाचन निर्देशिका, २०७२ (संसोधन सहित)

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नतिका लागि खोलिएको समुदायमा आधारित स्वायत्त संस्था हो। सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण सहकारीको मूल सिद्धान्त भएकोले प्रजातान्त्रिक अभ्यासको रुपमा रहेको निर्वाचन प्रणालीलाई सहकारी ऐन तथा संस्थाको विनियम, २०५७ को दफा ३९(१) ले दिएको अधिकार प्रयोग गरी संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले निर्वाचन निर्देशिका, २०७२ लाई संशोधन गरी यो निर्देशिका जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१.१. यस निर्देशिकाको नाम चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को निर्वाचन निर्देशिका, २०७२ रहेको छ।

१.२. यो निर्देशिका संस्थाको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचनको लागि लागु हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. 'संस्था' भन्नाले सहकारी ऐन बमोजिम दर्ता भएको चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थालाई सम्झनु पर्दछ।

ख. 'विनियम' भन्नाले संस्थाको विनियमलाई सम्झनु पर्दछ।

ग. 'समिति' भन्नाले संस्थाको सञ्चालक समितिलाई सम्झनु पर्दछ।

घ. 'निर्वाचन' भन्नाले संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू तथा लेखा सुपरिवेक्षण समितिको संयोजक र सदस्यहरूको निर्वाचनलाई सम्झनु पर्दछ।

ङ. 'उपसमिति' भन्नाले यसै निर्देशिकाको दफा ३ बमोजिम गठन हुने निर्वाचन उपसमितिलाई सम्झनु पर्दछ।

च 'निर्वाचन अधिकृत' भन्नाले यस निर्देशिका बमोजिम नियुक्त निर्वाचन अधिकृतलाई सम्झनु पर्दछ।

छ. 'मतदाता' भन्नाले संस्थाका सदस्यलाई सम्झनु पर्दछ।

ज. 'उम्मेदवार' भन्नाले विनियम बमोजिम निर्वाचनद्वारा पदपूर्ति गरिने पदमा दरखास्त दिने उम्मेदवारलाई सम्झनु पर्दछ।

झ. 'पदाधिकारी' भन्नाले सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरूलाई सम्झनु पर्दछ।

ञ. 'युवा' भन्नाले १६ वर्ष देखि ४० वर्ष सम्मको उमेर भएको सदस्यलाई सम्झनु पर्दछ।

३. **निर्वाचन उपसमिति र निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था :**

३.१. समितिले निर्वाचन कार्य सम्पन्न गर्न ३ सदस्यीय निर्वाचन उपसमिति गठन गर्नेछ, जसमा सहकारी सम्बन्धी विज्ञ वा कानून व्यवसायी वा समाजका लब्ध प्रतिष्ठित व्यक्तिमध्येबाट १ जना संयोजक, संस्थाको निर्वाचनमा उम्मेदवार नहुने सदस्यमध्येहरूबाट १ जना सदस्य र संस्थाको प्रमुख कार्यकारी अधिकृत वा बरिष्ठ कर्मचारीहरूमध्येबाट १ जना सदस्य रहनेछ ।

३.२. निर्वाचन उपसमितिले गरेका निर्णयहरू प्रमाणित गर्न, सूचनाहरू प्रकाशन गर्न र निर्वाचन सम्बन्धी अन्य कार्यहरू सम्पादन गर्न उपसमितिले आफूमध्येबाट कुनै १ जना पदाधिकारीलाई निर्वाचन अधिकृतको रुपमा खटाउन सक्नेछ ।

३.३. दफा (३.२) बमोजिम उपसमितिका पदाधिकारीहरू मध्ये निर्वाचन अधिकृत खटाउन नसकिने स्थिति रहेमा उपसमितिले अरु कसैलाई निर्वाचन अधिकृत वा मतदान वा मतगणना अधिकृत तोक्न सक्नेछ ।

४. **निर्वाचन उपसमितिको काम कर्तव्य र अधिकार:**

४.१. निर्वाचन कार्यतालिका प्रकाशन गर्ने ।
४.२. मतदाता नामावली प्रकाशन गर्ने ।
४.३. निर्वाचन सम्बन्धी आचार संहिता जारी गर्ने ।
४.४. उम्मेदवारहरूको नामावली प्रकाशन गर्ने ।
४.५. मतदान केन्द्रको क्षेत्र तोक्ने ।
४.६. मतदान सम्बन्धी कार्यहरू गर्ने ।
४.७. मतगणना सम्बन्धी कार्यहरू गर्ने ।
४.८. निर्वाचन परिणाम प्रकाशन गर्ने ।
४.९. निर्वाचन कार्यहरूको मुचुल्का तयार गर्ने गराउने ।
४.१०. निर्वाचन सम्बन्धमा समितिबाट निर्णय भई आएको कार्यहरू गर्ने ।
४.११. निर्वाचन सम्पन्न भएपछि निर्वाचन सम्बन्धी कागजातहरू सुरक्षित रुपमा संस्थालाई बुझाउने ।
४.१२. कुनै विषयमा विवाद आएमा अन्तिम निर्णय दिने ।

५. **निर्वाचन हुने पदहरू :**

(क) सञ्चालक समिति (१३जना)

सञ्चालक समितिको अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १, सहसचिव १ र सञ्चालक सदस्य ८ गरी जम्मा १३ जना प्रत्यक्ष निर्वाचन पद्दतीबाट निर्वाचित हुनेछन् ।

सञ्चालक समितिमा निर्वाचन हुने १३ पद मध्ये कम्तिमा ३३% महिलाको प्रतिनिधित्व भएको हुनुपर्नेछ भने उपलब्ध भएसम्म कम्तिमा १ जना ४० वर्ष उमेर ननाघेको सदस्यको प्रतिनिधित्व भएको हुनु पर्नेछ ।

(ख) लेखा सुपरीवेक्षण समिति (३ जना)

साधारण सभाले १ जना संयोजक र २ जना सदस्य भएको ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्वाचन प्रकृयाद्वारा गठन गर्नेछ । लेखा सुपरीवेक्षण समितिको ३ पदमध्ये कम्तिमा १ पदमा महिला सदस्यको प्रतिनिधित्व भएको हुनुपर्नेछ ।

६. **निर्वाचन कार्यक्रम प्रकाशन गर्ने :**

उपसमितिले साधारण सभा सम्पन्न हुने मितिभन्दा १५ दिन अगावै अनुसूची १ बमोजिमको ढाँचामा निर्वाचन कार्यक्रम प्रकाशन गरी सोको मुचुल्का तयार गर्नुपर्नेछ ।

**७. मतदाता नामावली प्रकाशन गर्ने :**

दफा (६) बमोजिम प्रकाशित निर्वाचन कार्यक्रम अनुसार निर्वाचनमा सहभागी हुन पाउने संस्थाका सम्पूर्ण सदस्यहरूको मतदाता नामावली अनुसूची २ बमोजिम प्रकाशन गरी सोको मुचुल्का तयार गर्नुपर्नेछ। प्रथम पटक प्रकाशित मतदाता नामावलीमा आफ्नो नाम छुटेको वा नपर्नु पर्ने कसैको नाम परेको वा प्रकाशित नाम सच्याउनु पर्ने कुनै छुटपुट भएमा तोकिएको अवधिभित्र निवेदन दिई सच्याउन, हटाउन सकिनेछ र सो पश्चात मतदाताहरूको अन्तिम नामावली प्रकाशन गरी सोको समेत मुचुल्का तयार गर्नुपर्नेछ।

**८. उम्मेदवारहरूको लागि लागु हुने शर्तहरू :**

८.१. निर्वाचन कार्यतालिका प्रकाशन हुने मितिभन्दा ३ महिना अगाडिदेखि नियमित मासिक बचत बुझाउन बाँकी नरहेको।

८.२. संचालक समितिको दोस्रो कार्यकालदेखि एक कार्यकालसम्म निरन्तर रुपमा संस्थाको सदस्य रही वित्तीय कारोवारमा संलग्न रहेको।

८.३. संस्था वा संघ वा बैंक वा कुनै पनि वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने नगदी वा जिन्सी बाँकी नरहेको।

८.४. संस्था वा संघ वा बैंकको बेरुजु वा भाखा नाघेको ऋण वा अन्य प्रकारको रकम कायम नरहेको।

८.५. संस्था वा संघ वा बैंक वा वित्तीय संस्थाको ऋण चुक्ता नगरे बापत कालोसूचीमा परी कारवाहीमा नपरेको।

८.६. सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्धामा कारवाही चलिरहेको वा कारवाहीमा नपरेको।

८.७. बचत तथा ऋणको कारोवार गर्ने समान प्रकृतिको अर्को संस्थामा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा कर्मचारीको रुपमा काम नगरेको।

८.८. एकै परिवारबाट एक भन्दा वढी व्यक्तिबाट संचालक वा लेखा समितिको कुनै पदका लागि उम्मेदवार हुन नपाईने।

८.९. संघीय/प्रदेश/स्थानीय सरकारको कुनै पनि पद (पदाधिकारी वा कर्मचारी)मा बहाल नरहेको।

८.१०. संस्थाको मुख्य व्यवसायसंग प्रतिस्पर्धा हुने कुनै पनि व्यवसायिक कृयाकलापमा संलग्न नरहेको।

८.११. लेखा सुपरिवेक्षण समितिको सदस्य हुन न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको योग्यता हासिल गरी लेखापालन वा लेखापरीक्षण सम्बन्धी तालिम लिएको वा सार्वजनिक क्षेत्र, बैंक तथा वित्तीय क्षेत्रमा लेखा सम्बन्धी अनुभव हासिल गरेको तथा संस्थाको सदस्यता लिएको ३ वर्ष पुरा भएको।

**९. उम्मेदवारबाट दरखास्त लिने :**

९.१. निर्वाचन हुने पदहरूको लागि अनुसूची ३ बमोजिमको ढाँचामा उम्मेदवारले दरखास्त दिनुपर्नेछ।

९.२ एक जना सदस्य मतदाता निर्वाचन हुने एक पदको लागि मात्र उम्मेदवार हुन पाउनेछ।

९.३. उम्मेदवारको लागि दरखास्त दिँदा मतदाताहरू मध्येबाट १ जना प्रस्तावक र १ जना समर्थक हुनुपर्दछ, तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भईसकेपछि सोही पदको अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बस्न पाईने छैन।

९.४. निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरूको पहिलो नामावली अनुसूची ४ बमोजिम प्रकाशन गर्नेछ।

९.५. प्रकाशित उम्मेदवारको पहिलो नामावलीमा कसैको दाबी बिरोध भएमा वा कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा सोको लागि निश्चित समय उपलब्ध गराई सो समयावधिभित्र पर्न

आएका निवेदनहरू छानविन गरी उपसमितिले उम्मेदवारहरूको अन्तिम नामावली अनुसूची ५ बमोजिम प्रकाशन गर्नेछ ।

**१०. उम्मेदवारी दस्तुर :**

उम्मेदवारी पत्रका साथ उम्मेदवारी दस्तुर वापत देहाय बमोजिमको रकम संस्थाको आय खातामा जम्मा भएको भौचर संलग्न गरी पेश गर्नुपर्नेछ ।

१०.१. अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव र लेखा संयोजक पदका लागि - रु. २,५००।-

१०.२. सञ्चालक समिति सदस्य र लेखा सुपरिवेक्षण समिति सदस्य पदका लागि - रु. २,०००।-

**११. मतपत्र :**

निर्वाचनको लागि अनुसूची ६ बमोजिमको ढाँचामा मतपत्र तयार गरिनेछ । नमुना मतपत्रमा भएका कोठाहरू नपुग भएमा जति उम्मेदवार हुन्छन् उतिनै मत संकेत गर्ने कोठाहरू थप गरी मतपत्र तयार गरिनेछ ।

**१२. मतदान केन्द्र तोक्ने :**

१२.१. निर्वाचन अधिकृत वा मतदान अधिकृतले निर्वाचन प्रयोजनको लागि निर्धारित मतदान केन्द्र(हरू) तोकी सूचना प्रकाशन गर्नेछ ।

१२.२. उपसमितिले तोकेको व्यक्ति र मतदाता बाहेक अन्य कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न दिईने छैन ।

**१३. प्रतिनिधि नियुक्त गर्न सक्ने :**

यस निर्देशिका बमोजिम हुने निर्वाचनमा मतदान र मतगणना कार्यमा उम्मेदवार आफै उपस्थित हुन नसकेमा आफ्नो प्रतिनिधिको रुपमा संस्थाका सदस्य मध्येबाट एक/एक जनालाई अनुसूची ७ बमोजिम प्रतिनिधि मुकर्रर गरी पठाउन सक्नेछ ।

**१४. निर्वाचन आचार संहिता :**

१४.१. उम्मेदवारी दिँदा तोकिएको कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१४.२. निर्वाचन कार्यक्रम अन्तर्गत दाबी बिरोध गर्दा आफुले दाबी गरेको विषयको प्रमाण पेश गर्नुपर्नेछ ।

१४.३. उम्मेदवारहरु उपसमितिको कार्यालयबाट बढीमा १ कि.मी. को मात्र दुरीमा रहनु पर्नेछ । सम्पर्कको लागि उपलब्ध गराईएको सम्पर्क नम्बरमा सम्पर्कमा रहनु पर्नेछ भने उपसमितिले खोजेको बखतमा बढीमा ३० मीनेटभित्र निर्वाचन उपसमितिको कार्यालयमा आईपुग्नु पर्नेछ । यदि तोकिएको समय अवधिमा सम्बन्धित उमेदवार उपस्थित नभएमा उक्त उम्मेदवारको उम्मेदवारी उपसमितिले खारेज गर्न सक्नेछ ।

१४.४. तोकिएको मतदान क्षेत्रभित्र होहल्ला गर्न/गराउन पाईने छैन ।

१४.५. तोकिएको मतदान क्षेत्रभित्र धुम्रपान/मध्यपान गर्न निषेध गरिएको छ ।

१४.६. तोकिएको मतदान क्षेत्रभित्र कसैलाई व्यक्तिगत आक्षेप लगाई गाली गलौज गर्न पाईने छैन ।

१४.७ तोकिएको मतदान क्षेत्रभित्र उम्मेदवारले चुनावको प्रचारप्रसार गर्न पाईने छैन ।

१४.८. तोकिएको मतदान क्षेत्रभित्र राजनीतिक छनक व्यक्त गर्न पाईने छैन ।

१४.९. उम्मेदवारहरुले व्यक्तिगत गतिविधि (धाक, रवाफ) प्रदर्शन गरी मतदान कार्यमा प्रभाव पार्न पाईने छैन ।

१४.१०. आफुले र एकाघरका परिवारले लिएको ऋणको भाखा ननाघेको हुनु पर्नेछ ।

१४.११. उम्मेदवारले ३ महिनाको भन्दा बढी समय बाँकी नहुने गरी नियमित बचत जम्मा गरेको हुनु पर्नेछ ।

१४.१२. कुनै फौजदारी अभियोग नलागेको हुनु पर्नेछ ।

१४.१३. कार्यक्षेत्रको अन्य बचत तथा ऋण सहकारी संस्थाहरूमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा कर्मचारीको रुपमा काम नगरेको प्रमाण/स्वघोषणा पेश गर्नुपर्नेछ ।

१४.१४. अन्य बैंक वा सहकारी संस्थाको ऋण नतिरी कालो सूचीमा परेको हुनु हुदैन ।

१४.१५. मानसिक सन्तुलन ठीक भएको हुनु पर्नेछ ।

१४.१६. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, प्रदेश सहकारी मापदण्ड २०७७, संस्थाको विनियम २०५७ र संस्थाको नीति तथा निर्देशिकाका पूर्ण पालना नहुने गरी पर्न आएका उम्मेदवारीहरु स्वतः रद्द हुनेछन् ।

१४.१७. लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्यहरूको हकमा प्रदेश सहकारी मापदण्ड २०७७ मा उल्लेखित योग्यता पुरा भएको हुनुपर्नेछ ।

१४.१८. आवश्यकता अनुसार निर्वाचन कार्यक्रमलाई मर्यादित र व्यवस्थित बनाउनको लागि उपसमितिले थप बुँदाहरू समेटी निर्वाचन आचार संहिता जारी गर्न सक्नेछ ।

**१५. मतदान गर्ने :**

१५.१. मतदाताले मतदानको लागि निर्धारित मतपेटिकामा मतदान गर्नुपर्नेछ । सो मतपेटिका मतदान सुरु हुनुभन्दा अघि खाली रहेको भनी उम्मेदवारहरू वा प्रतिनिधिहरूलाई देखाई सोको मुचुल्का गरी मत संकेत गर्न गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राखिनेछ ।

१५.२. मतपत्रमा मत संकेत गर्न एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्नेछ ।

१५.३. एक सदस्य एक मतको आधारमा मात्र मतदान गर्न पाईनेछ । अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न पाईने छैन ।

१५.४. मतदाताले मतदान अधिकृतसंग मतपत्र लिई मत संकेत गर्ने कोठामा गई मतपत्रमा मत संकेत गरी बाहिर आई तोकिएको मतपेटिकामा मत खसाल्नु पर्दछ । मतदान कार्य समापन भएपछि मुचुल्का गर्नुपर्नेछ र मतगणना सुरु गर्नुपर्नेछ ।

१५.५. लेख्न पढ्न नजान्ने, आँखा नदेख्ने र स्वयं मतदान गर्न नसक्नेहरूको लागि मतदान अधिकृत वा निजले तोकेको व्यक्तिले मतदानमा सहयोग गर्न सक्नेछ ।

१५.६. मुलुकमा आईपर्ने अप्रत्यासित दैवी, प्राकृतिक तथा महामारीको अवस्थाले ल्याउने असामान्य अवस्थामा मतदान गर्ने गराउने सम्बन्धी विशेष व्यवस्था समितिको सल्लाहमा उपसमितिले गर्न सक्नेछ ।

**१६. निर्वाचन परिणाम घोषणा :**

१६.१. निर्वाचनको परिणाम अनुसूची ८ को ढाँचा बमोजिम तयार गरी उम्मेदवार वा प्रतिनिधिलाई सही गराई घोषणा गर्नुपर्नेछ ।

१६.२. प्रत्येक निर्वाचन हुने पदमा जति उम्मेदवार खडा भए पनि आवश्यक पदका लागि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार(हरू) लाई बिजयी घोषणा गर्नुपर्नेछ ।

१६.३. समान किसिमका एक भन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरूलाई बिजयी घोषित गर्नुपर्नेछ ।

१६.४ एकै पदमा एक भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला हाली निर्णय गरी बिजयी घोषित गरिनेछ ।

**१७. निर्विरोध निर्वाचित घोषणा :**

निर्वाचन गर्ने पद संख्या बराबर उम्मेदवारी कायम रहन आएमा निर्वाचन अधिकृतले त्यस्ता उम्मेदवारहरूलाई निर्बिरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

**१८. प्रमाण पत्र दिने :**

बिजयी उम्मेदवारहरूलाई अनुसूची ९ को ढाँचामा प्रमाण पत्र प्रदान गरिनेछ ।

**१९. सपथ ग्रहण :**

बिजयी उम्मेदवारहरूलाई अनुसूची १० बमोजिमको ढाँचामा सपथ ग्रहण गराईनेछ ।

**२०. मुचुल्काहरू :**

देहायका कार्यक्रमहरू सञ्चालन गर्दा अनुसूची ११ बमोजिम मुचुल्का तयार गर्नुपर्नेछ ।

२०.१. निर्वाचन कार्यक्रम प्रकाशन गर्दा ।

२०.२. मतदाता नामावली प्रकाशन गर्दा ।

२०.३. उम्मेदवारको नामावली प्रकाशन गर्दा ।

२०.४. मतदान सुरु गर्दा ।

२०.५. रित्तो मतपेटिका देखाउँदा ।

२०.६. मतगणना सुरु गर्दा ।

२०.७. निर्वाचन परिणाम घोषणा गर्दा ।

**२१. चित्त नबुझ्नेले उजुरी गर्ने :**

निर्वाचन उपसमितिले गराएको निर्वाचनमा कुनै उम्मेदवारलाई चित्त नबुझे बागमती संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय सहकारी महाशाखामा ३५ दिनभित्र उजुरी गर्न सकिनेछ ।

**२२. कागजात पेश गर्ने :**

निर्वाचन कार्यक्रम सम्पन्न भएपछि निर्वाचन सम्बन्धी सम्पूर्ण कागजातहरूको सूची समेत सम्बन्धित संस्थामा बुझाउनु पर्नेछ । सम्बन्धित संस्थाले उक्त कागज़ातहरू सिलबन्दी गरी प्रमाणित गराई सुरक्षित साथ राख्नु पर्नेछ ।

**२३. बाझिन गएको हदसम्म निष्प्रभावी हुने :**

सहकारी ऐन, नियमावली, सहकारी मापदण्ड, संस्थाको विनियम तथा अन्य प्रचलित ऐन नियमहरूसंग बाँझिन गएको हदसम्म यस निर्देशिकामा रहेका व्यवस्थाहरू निष्प्रभावी हुनेछन् ।

**२४. खारेजी तथा बचाउ :**

२४.१. यस अघिको निर्वाचन निर्देशिका, २०६८ खारेज गरिएको छ ।

२४.२. यस निर्देशिकामा भएका व्यवस्थाहरूको सामान्य व्याख्या गर्ने अधिकार उपसमितिमा र तात्विक भिन्नता कायम हुने विषयहरूमा व्याख्या गर्ने अधिकार समितिमा निहित रहनेछ ।

२४.३. यस निर्देशिकाको कायान्वयन गर्दा थप आवश्यक पर्ने फारमहरू अवस्थाहरू उपसमितिले व्यवस्था गर्न सक्नेछ । समय र अवस्था हेरी प्रकाशित निर्वाचन कार्यतालिकामा सामान्य हेरफेर गर्ने अधिकार उपसमितिमा रहनेछ ।

२४.४. यस निर्देशिकामा समयानुसार संशोधन गर्ने अधिकार सञ्चालक समितिमा रहनेछ ।

अनुसूची १

(निर्देशिकाको दफा ६ सँग सम्बन्धित)

## निर्वाचन कार्यतालिका प्रकाशन !

यस संस्थाको विनियम २०५७ तथा निर्वाचन निर्देशिका २०७२ (संशोधन सहित) को दफा ६ बमोजिम संस्थाको यही मिति ................................ दिन हुन गईरहेको वार्षिक साधारण सभाबाट निर्वाचन गरिने संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्न देहाय बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको ब्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

| क्र.स. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १. | मतदाताको पहिलो नामावली प्रकाशन | | |
| २. | मतदाता नामावली उपर दावी विरोध, छुट नाम दर्ता, सच्याउने वा हटाउने | | |
| ३. | मतदाताको अन्तिम नामावली प्रकाशन | | |
| ४. | उम्मेद्वारको मनोनयन पत्र वितरण | | |
| ५. | उम्मेदवारी पत्र दर्ता | | |
| ६. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | | |
| ७. | उम्मेदवारी उपर दावी बिरोध | | |
| ८. | दावी बिरोध उपर छानबिन र नामावली प्रकाशन | | |
| ९. | उम्मेदवारी फिर्ता लिने | | |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | |
| ११. | मतदान | | |
| १२. | मतगणना | | |
| १३. | निर्वाचन परिणाम घोषणा | | |
| १४. | प्रमाणपत्र वितरण र सपथ ग्रहण | | |

अनुसूची २.
(निर्देशिकाको दफा ७ सँग सम्बन्धित)

# मतदाता नामावलीः

बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं.७ स्थित

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

| सि. नं. | मतदाताको नाम, थर | कैफियत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |

## अनुसूची ३
## (निर्देशिकाको दफा ९ सँग सम्बन्धित)
## उम्मेदवारको दरखास्त

मिति : ...............................

श्री निर्वाचन अधिकृतज्यू
निर्वाचन उपसमिति,
चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

विषय : उम्मेदवारी दर्ता गरी दिने ।

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक/लेखा सुपरिवेक्षण समितिको ........................ पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति ........................ मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म बाहेक यस संस्थाको संचालक र लेखा सुपरिवेक्षण समितिको कुनै पनि पदमा मेरो नातेदार उम्मेदवार नभएको, म यस प्रकृतिको कुनै संस्थाको संचालक र लेखा सुपरिवेक्षण समितिको पदमा कार्यरत नरहेको, यस संस्थामा मैले निरन्तर रुपमा मिति ............................ देखि सदस्य भई हालसम्म संस्थाको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपुर्वक निर्वाह गरी आएको, संस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएको बुझाउन बाँकी कुनै रकम नरहेको, हाल पनि संस्थाले कारोवार गर्न अनुमति प्राप्त गरेको भौगोलिक क्षेत्रमा स्थायी बसोबास रहेको, बैंक तथा वित्तीय कारोवारमा कालोसूचीमा नाम नपरेको र सहकारीको प्रचलित कानून तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मूल्य र सिद्धान्तका बारेमा म जानकार रहेको हुँदा मेरो उम्मेदवारी स्वीकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

सहकारी ऐन, नियम सहकारी विभागबाट जारी मापदण्ड तथा संस्थाको विनियम २०५७ र निर्वाचन निर्देशिका २०७२ विपरित मेरो उम्मेदवारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन । उम्मेदवारी दस्तुर तथा योग्यताको प्रमाणित कागजात संलग्न गरेको छु ।

**निवेदक**
उम्मेदवारको नाम थर :
ठेगाना र सम्पर्क फोन नम्बर :
मतदाता क्रम संख्या :

**प्रस्तावक**
दस्तखत :
प्रस्तावकको नाम थर :
मतदाता क्रम संख्या :

**समर्थक**
दस्तखत :
समर्थकको नाम थर :
मतदाता क्रम संख्या :

यो दरखास्तपत्र मिति ................. का दिन ........ बजे श्री ............................ ले मेरो समक्ष प्रस्तुत गर्नु भएको व्यवहोरा प्रमाणित गर्दछु ।

दस्तखत : ........................
**निर्वाचन अधिकृत**

## अनुसुची ४
### (निर्देशिकाको दफा ९.४ सँग सम्बन्धित)
### उम्मेदवारको पहिलो नामावली

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचनका लागि मिति ...................... मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्न लिखित व्यक्तिहरूको दरखास्त दिनु भएका उम्मेदवारहरूको पहिलो नामावली सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | उम्मेदवारको नाम,थर | समिति | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |

## अनुसुची ५
### (निर्देशिकाको दफा ९.५ सँग सम्बन्धित)
### उम्मेदवारको अन्तिम नामावली

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचनका लागि मिति ………………… मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्न लिखित व्यक्तिहरूको दरखास्त दिनु भएका उम्मेदवारहरूमध्ये कायम रहन आएका उम्मेदवारहरूको अन्तिम नामावली सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | उम्मेदवारको नाम,थर | समिति | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |

## अनुसुची ६
(निर्देशिकाको दफा ११ सँग सम्बन्धित)
**मतपत्र**

| पद | उम्मेदवारको नाम | मत संकेत(✔) |
|---|---|---|
| सञ्चालक समिति,अध्यक्ष (१) | | |
| १. | | |
| २. | | |
| सञ्चालक समिति उपाध्यक्ष (१) | | |
| १. | | |
| २. | | |
| सञ्चालक समिति, सचिव (१) | | |
| १. | | |
| २. | | |
| सञ्चालक समिति, कोषाध्यक्ष (१) | | |
| १. | | |
| २. | | |
| सञ्चालक समिति, महिला सदस्य (४) | | |
| १. | | |
| २. | | |
| सञ्चालक समिति, युवा सदस्य (१) | | |
| १. | | |
| २. | | |
| सञ्चालक समिति, खुल्ला सदस्य (४) | | |
| १. | | |
| २. | | |
| लेखा सुपरिवेक्षण समिति संयोजक (१) | | |
| १. | | |
| २. | | |
| लेखा सुपरिवेक्षण समिति महिला सदस्य (१) | | |
| १. | | |
| २. | | |
| लेखा सुपरिवेक्षण समिति खुल्ला सदस्य (१) | | |
| १. | | |
| २. | | |

अनुसुची ७
(निर्देशिकाको दफा ११ सँग सम्बन्धित)

# मतदान/मतगणना प्रतिनिधिको नियुक्ति

मिति :-

श्री निर्वाचन अधिकृतज्यू,
निर्वाचन उपसमिति

बागमती प्रदेश काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ७ स्थित यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.को ...................... समितिको ....................को निर्वाचनमा म ............................. उम्मेदवार भएकोले संस्थाको निर्वाचन बमोजिम तपाई श्री ........................................................ लाई मेरो मतदान तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्त गरेको छु। तपाईले मेरो तर्फबाट उक्त निर्देशिकाको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको निर्वाचन सम्बन्धी काम करवाहीमा मेरो मञ्जुरी छ।

दस्तखत :
नाम :
स.न. :
ठेगाना :

उपरोक्त बमोजिम मतदान तथा मतगणना प्रतिनिधि हुन मञ्जुर गर्दछु।

दस्तखत :
नाम :
स.न. :
ठेगाना :

**बोधार्थ तथा कार्यार्थ,**
श्री निर्वाचन अधिकृतज्यू
चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि ७, काठमाडौं

यो नियुक्तिपत्रको बोधार्थ यस कार्यालयमा मेरो समक्ष दाखिल भएको हो।
दस्तखत :
निर्वाचन अधिकृत :
मिति :

## अनुसुची ८
(निर्देशिकाको दफा १६.१ सँग सम्बन्धित)

## निर्वाचन परिणाम घोषणा

बागमती प्रदेश काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं ७ स्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को पदाधिकारीहरूको लागि सम्पन्न भएका निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा .................... मत मध्ये ................. मत बदर भएको र ................सदर मत मध्ये उम्मेदवारहरूले निम्न बमोजिम सदर मत प्राप्त गरेको सोही बमोजिम घोषणा गरी मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम, थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

साक्षी रोहबरः

१ उम्मेदवार ................................../ प्रतिनिधि .............................

२ उम्मेदवार ................................../ प्रतिनिधि .............................

३ उम्मेदवार ................................../ प्रतिनिधि .............................

अनुसूची ९
(निर्देशिकाको दफा १८ सँग सम्बन्धित)
**प्रमाणपत्र**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि नगरपालिका वडा नं ७, थानकोट महादेवस्थान काठमाडौं

यस संस्थाका सदस्य श्री ............................ मिति ........................ मा सम्पन्न ..... औं वार्षिक साधारण सभाबाट ............. समितिको ........... पदको निर्वाचनमा निर्वाचित/निर्विरोध निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| संयोजक | सदस्य | सदस्य |
| निर्वाचन उपसमिति | निर्वाचन उपसमिति | निर्वाचन उपसमिति |

## अनुसुची १०
**(निर्देशिकाको दफा १९ सँग सम्बन्धित)**
**सपथ ग्रहण**

म.................................... सत्य निष्ठापूर्वक/इश्वरका नाममा सपथ लिन्छु कि चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको ............ समितिको ............. पदको हैसियतमा मैंले गर्ने काम कसैको दबाव वा प्रभावमा नपरी सदस्य तथा संस्थाको हित चिताई सहकारी सिद्धान्त तथा कानूनको पूर्ण पालनाका साथ ईमान्दारीपूर्वक गर्नेछु ।

**सपथ ग्रहण गर्नेको**

दस्तखत :
नाम थर :

**सपथ ग्रहण गराउनेको**

दस्तखत :
नाम थर :

अनुसुची ११
(निर्देशिकाको दफा २० सँग सम्बन्धित)
मुचुल्का

बागमती प्रदेश काठमाडौँ जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं ७ स्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समिति/लेखा सुपरिवेक्षण समितिको मिति ................ मा हुने साधारण सभाबाट सम्पन्न गरिने निर्वाचनमा प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम आज मिति ......................., .......... बजे ...................................................... कार्यक्रम हाम्रो रोहबरमा भए गरेको ठिक साँचो हो भनी यो मुचुल्कामा सही छाप गरिदिएका छौं ।

रोहबरः

| क्र.स. | नाम | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

मुचुल्का गराउनेको

दस्तखत :

नाम थर :